# पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २३

२८—८—०११

स्वास्थ्यमन्त्रालय—अन्तर्गत 'टोखा स्वास्थ्यनिवास अस्पताललाई १ जना सुपरिण्टेण्डेन्ट चाहिएको छ [ उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल फाल्गुन ४ गते रोज ६ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः—

१. पदः— सुपरिण्टेन्डेन्ट, गजेटेड, स्थायी तथा पेन्शन पाउने।

२. आवश्यक न्यूनतम योग्यताः— टी.डी.डी. (वेल्स) अथवा चेष्ट डिजिजको स्पेसिलिष्ट भई एम्. आर. सी. पी.।
टी. बी. अस्पतालमा काम गरिसकेका अनुभवीलाई प्राथमिकता दिइनेछ।

३. मासिक तलब र भत्ताः— भारतीय नोट रु. ८००+१००

४. अभ्यास अवधिः— ६ महिना।

५. विशेष सुविधाः— आउँदाको बाटो खर्च र सजाएको फ्री क्वार्टर्स दिइने।

आज्ञाले—
खड्गमान मल्ल, एम्. ए.
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

१६७

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# पब्लिकसर्भिस कमिशनको विज्ञापन नं. २४

२८-८-०११

स्वास्थ्यमन्त्रालय——अन्तर्गत डोटी अस्पतालबलाई १ जना इन्चार्जवाला डाक्टर चाहिएको छ।

योग्य उमेदवारहरुले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल फाल्गुण ५ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः-

१. पदः— इन्चार्जवाला डाक्टर, ननगजेटेड, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः— एल. एम. एफ.।

३. मासिक तलबको परिमाणः— कं. रु. १४०—२८०।

४. मासिक भत्ताः— कं. रु. २०।

५. अभ्यास अवधिः— ६ महिना।

६. विशेष सुविधाः—आउँदाको बाटो खर्च र नसजाएको फ्री क्वार्टर्स दिइने।

आज्ञाले—

खड्गमान मल्ल एम. ए.

सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं, नेपाल,

५६८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २५

२-६-०११

स्वास्थ्यमन्त्रालय-अन्तर्गत तपसीलका अस्पतालहरूलाई तपसीलकै विवरणका उमेदवारहरूको आवश्यकता छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल फाल्गुन ६ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला दरखास्त फारामको नमुना प्रत्येक हुलाक, गढी; गौंडा, गोस्वारामा पनि पाइनेछ।

डरिङ्चिकित्सालयलाई :—

[क] पद-असिस्टेण्ट डाक्टर, गजेटेड स्थायी तथा पेन्शन पाइने।

[ख] आवश्यक न्यूनतम योग्यता :— एम्. बी. बी. एस्.।

[ग] विशेष योग्यता :— टी. बी. रोगको चिकित्सा गर्ने ज्ञान भएको।

[घ] मासिक तलब र भत्ता :— मोरु. १८०।+२०।

[ङ] अभ्यास अवधि :— ६ महिना।

(२) वीर अस्पताललाई:—

[क] पद :- डाक्टर, गजेटेड, स्थायी तथा पेन्शन पाइने।

[ख] आवश्यक न्यूनतम योग्यता :— एम्. बी. बी. एस्.।

[ग] विशेष योग्यता:— आँखाको रोगको औषधी गर्नमा विशेष योग्यता र अनुभव भएका।

[घ] मासिक तलब र भत्ता :— मोरु १८०।+२०।

[ङ] अभ्यास अवधि:— ६ महिना।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं, नेपाल.

१६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।